कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

PRABHU BANK


**प्रभु बैंक लिमिटेड**

प्रधान कार्यालयः बबरमहल, काठमाण्डौं, नेपाल

फोन नं. : ०१-४७८८५००, फ्याक्स नं : ०१-४७८०५८८

**Web site:** www.prabhubank.com


## १० वर्ष अवधि तथा वार्षिक १०.२५% ब्याजदर भएको "१०.२५% प्रभु बैंक डिबेन्चर–२०८६" जारी गर्नको लागि प्रकाशित

# विवरण–पत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ का दफा ३० तथा कम्पनी ऐन, २०६३ का दफा २३ अन्तर्गत प्रकाशित)**

दश वर्ष अवधि तथा वार्षिक १०.२५ प्रतिशत व्याजदर भएको रु.१ अर्ब बराबरको प्रति ऋणपत्र रु.१,०००।- अंकित मूल्यका १०,००,००० कित्ता मध्ये ४ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.४० करोड ऋण पूँजी रकम (५% अर्थात २०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्टयाईएका समेत) सर्वसाधारण नेपालीका लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने र बाँकी ६ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.६० करोड ऋण पूँजी विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

दरखास्तसाथ प्रति ऋणपत्र रु. १०००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

### धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :

हामीलाई प्रभु बैंक लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस बैंकको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "डिबेञ्चर(ऋणपत्र) निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "डिबेञ्चर (ऋणपत्र) निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उदघोषणः

धितोपत्रमा गरिने लगानीमा जोखिम हुनेभएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजाउने हुँदा धितोपत्रमा रहने जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

यस बिवरण मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन ।

### नियमन निकायको जवाफदेहीता नरहने उदघोषणः

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई इक्रा नेपालले Moderate Credit Risk जनाउने 'ICRA-NEPAL LBBB' ग्रेडिङ्ग मिति २०७६/०२/१७ मा प्रदान गरेको छ। साथै यस बैंकलाई इक्रा नेपालले "[ICRANP] LBBB" ग्रेडिङ्ग प्रदान गरेको छ,।

| विवरण | वास्तविक | | | *आषाढ मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ |
| प्रति शेयर आम्दानी | २६.७५ | २५.२७ | १६.४४ | २३.९२ | २६.१६ | २७.३३ | ३१.०१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३०.६३ | १५८.९९ | १५२.६६ | १६२.७३ | १७६.३६ | १७३.१७ | १७३.५२ |
| संचित मुनाफा (रु दश लाखमा) | (१,४१६.५) | १,८८२.१२ | ७७३.६३ | १,७८१.४ | २,४४७.१० | २,२५०.९३ | २,३२२.५३ |

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मितिः २०७६/०६/०७

नेपाल राष्ट्र बैंकमा दर्ता मितिः २०७६/०६/१४ । कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०७६/०७/०३

निष्काशन खुल्ला हुने मिति : २०७६/०७/२१ । निष्काशन बन्द हुने मिति (छिटोमा): २०७६/०७/२५

निष्काशन बन्द हुने मिति (ढिलोमा): २०७६/०८/२०

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**सनराइज क्यापिटल लिमिटेड**

**SUNRISE CAPITAL LTD.**

**(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)**

रजिष्टर्ड कार्यालयः कमलपोखरी, काठमाडौं, नेपाल

फोन नं. ९७७-०१-४४२८५५०, ४४२८६६० । फ्याक्स नं. ९७७-०१-४४२८६८८

Email: info@sunrisecapital.com.np I URL: www.sunrisecapital.com.np

**(क) संगठित संस्थाको नाम :** प्रभु बैंक लिमिटेड (Prabhu Bank Limited)

**(ख) विवरण पत्रको मुख पृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :**

**१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीका परिभाषा :**

क) "विवरणपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन,२०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको यस पुस्तिकालाई सम्झनु पर्दछ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सनराईज क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

ग) "कम्पनी/संगठित संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी/संगठित संस्था प्रभु बैंक लिमिटेडलाई सम्झनु पर्दछ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकलाई सम्झनु पर्दछ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) "संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले प्रभु बैंक लिमिटेडको संस्थापक, सञ्चालक,कार्यकारी प्रमुख तथा ब्यवस्थापनलाई सम्झनु पर्दछ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी शेयर धारण गरेका शेयरधनीलाई सम्झनु पर्दछ।

**२. विवरणपत्र प्राप्त गर्नेस्थानहरु :**

| सि.नं. | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौं र वेवसाइट www.sunrisecapital.com.np। |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौंका साथै सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट www.prabhubank.com। |

**सर्वसाधारण आवेदनकर्ताहरुले दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |

**व्यक्तिगत तवरबाट आवेदन दिने आवेदनकर्ताहरुले दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु**

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंको वेवसाइट www.sunrisecapital.com.np। |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौंका साथै सम्पूर्ण शाखा कार्यालयहरुबाट दरखास्त दिने सकिने र वेवसाइट www.prabhubank.com बाट दरखास्त फाराम डाउनलोड गरी बुझाउन सकिने छ। |

**(ग) १ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र सम्बधी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**(ग) २ संगठित संस्थाको उदघोषण :**

**(ग).२.(क)संचालकहरुको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उदघोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सू-सुचीत निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ग).२.(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उदघोषण :**

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव,विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीबारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग).२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उदघोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्डमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा आ. व. २०७४/७५ सम्मको वित्तीय विवरण मिति २०७६/०१/१५ मा अध्यावधिक अभिलेख गरिएको छ ।

**(ग).२.(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३ क. संगठित संस्थाको पृष्ठभूमी :**

**क) संस्थाको नामः प्रभु बैंक लिमिटेड (PRABHU BANK LIMITED)**

**ख) कुन ऐन अन्तर्गत स्थापित भएका सो कुराः** यस बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो । साबिक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको प्रभु बैंक लिमिटेडले मिति २०७१ भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोवार गर्दै आएको छ । त्यस पश्चात नेपाल विकास बैक लि.लाई एक्विजिसन गर्दै साविक ग्रण्ड बैंक लि. लाई मिति २०७२ माघ १५ गते यस संस्थामा गाभि हाल सम्ममा १८६ वटा शाखा विस्तार, २३ काउन्टर कार्यलय र १५० ए.टि.एम. संचालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ ।

**ग)संस्थाको रजिष्ट्रर्ड ठेगानाः** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा., वडा नं.११, बबरमहल, काठमाण्डौं रहेको छ ।

**घ)कारोवार गर्ने मुख्य स्थानः**

यस बैंकको कारोबार गर्ने मुख्य स्थान का.म.न.पा वडा नं.११ बबरमहल, काठमाण्डौमा रहेको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा कार्यालयहरु खोली नेपाल भर देहायका स्थानहरुबाट आफ्नो बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ । बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार भविष्यमा शाखाहरु विस्तार गर्न सक्नेछ ।

| क्र. सं. | नाम र ठेगाना | क्र. सं. | नाम र ठेगाना | क्र. सं. | नाम र ठेगाना |
|---|---|---|---|---|---|
| १ | प्रधान कार्यालय बबरमहल, काठमाण्डौं । | ६३ | शाखा कार्यालय, बट्टार नुवाकोट । | १२५ | शाखा कार्यालय, लोमान्थाङ । |
| २ | शाखा कार्यलय, बाडेगांउ, गोदावरी, ललिपुर । | ६४ | शाखा कार्यालय, वौनिया । | १२६ | शाखा कार्यालय, लुम्बिनी । |
| ३ | शाखा कार्यालय,पुरानो बानेश्वर, काठमाण्डौ । | ६५ | शाखा कार्यालय, बेलबारी मोरङ्ग । | १२७ | शाखा कार्यालय, माछापुच्छे । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शाखा कार्यालय, भैसेपाटी, ललिपुर। | ६६ | शाखा कार्यालय, वेनी म्याग्दी। | १२८ | शाखा कार्यालय, महादेव वेसी। |
| ५ | शाखा कार्यालय,सुर्यविनायक भक्तपुर। | ६७ | शाखा कार्यालय, वेनीघाट धादीङ। | १२९ | शाखा कार्यालय, धादीङ्ग। |
| ६ | शाखा कार्यालय,बौद्ध, काठमाण्डौं। | ६८ | शाखा कार्यालय, बेसीसहर लम्जुङ। | १३० | शाखा कार्यालय, महेन्द्रनगर। |
| ७ | शाखा कार्यालय, चुच्चेपाटी, चावहिल, काठमाण्डौं। | ६९ | शाखा कार्यालय, भगवतिमाई दैलेख। | १३१ | शाखा कार्यालय, मनाङ्ग। |
| ८ | शाखा कार्यालय,डल्लु, काठमाण्डौ। | ७० | शाखा कार्यालय, भैरहवा। | १३२ | शाखा कार्यालय, मंगला म्यागदी। |
| ९ | शाखा कार्यालय, धापासी, काठमाण्डौ। | ७१ | शाखा कार्यालय, भरतपुर चितवन। | १३३ | शाखा कार्यालय, मनिग्राम रुपन्देही। |
| १० | शाखा कार्यालय, सामाखुसी, गौंगबु, काठमाण्डौं। | ७२ | शाखा कार्यालय, भोजपुर। | १३४ | शाखा कार्यालय, मन्थली। |
| ११ | शाखा कार्यालय, गोठाटार, भक्तपुर। | ७३ | शाखा कार्यालय, बिहादी। | १३५ | शाखा कार्यालय, मिचैया। |
| १२ | शाखा कार्यालय, गुर्जुधारा, काठमाण्डौ। | ७४ | शाखा कार्यालय, बिजयनगर। | १३६ | शाखा कार्यालय, मुखियापट्टी धनुशा। |
| १३ | शाखा कार्यालय, ग्वार्को, ललितपुर। | ७५ | शाखा कार्यालय, विराटनगर। | १३७ | शाखा कार्यालय, मुक्तिनाथ। |
| १४ | शाखा कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं। | ७६ | शाखा कार्यालय, विरौटा कास्की। | १३८ | शाखा कार्यालय, नारायणगढ। |
| १५ | शाखा कार्यालय, हात्तिगौडा, काठमाण्डौं। | ७७ | शाखा कार्यालय, विरगंज। | १३९ | शाखा कार्यालय, नाशोङ मनाङ्ग। |
| १६ | शाखा कार्यालय, जोरपाटी, काठमाण्डौ ।ं | ७८ | शाखा कार्यालय, विर्तामोड। | १४० | शाखा कार्यालय, नवदुर्गा डडेलधुरा। |
| १७ | शाखा कार्यालय,कलंकी, काठमाण्डौं। | ७९ | शाखा कार्यालय, बुर्तिवाङ्ग। | १४१ | शाखा कार्यालय, निजगढ। |
| १८ | शाखा कार्यालय, कालीमाटी, काठमाण्डौं। | ८० | शाखा कार्यालय, बुटवल। | १४२ | शाखा कार्यालय, नेपालगंज। |
| १९ | शाखा कार्यालय, कमलादी, काठमाण्डौं। | ८१ | शाखा कार्यालय, चन्द्रगढी। | १४३ | शाखा कार्यालय, निसीखोला। |
| २० | शाखा कार्यालय, कान्तीपथ, काठमाण्डौं। | ८२ | शाखा कार्यालय, चन्द्रनिगाहपुर। | १४४ | शाखा कार्यालय, पाल्पा। |
| २१ | शाखा कार्यालय, कपन, काठमाण्डौं। | ८३ | शाखा कार्यालय, नयां बजार, दैलेख। | १४५ | शाखा कार्यालय, पांचखाल। |
| २२ | शाखा कार्यालय, कौशलटार, भक्तपुर। | ८४ | शाखा कार्यालय, दमक। | १४६ | शाखा कार्यालय, परासी। |
| २३ | शाखा कार्यालय, खिचापोखरी, काठमाण्डौं। | ८५ | शाखा कार्यालय, दमौली। | १४७ | शाखा कार्यालय, परोहा। |
| २४ | शाखा कार्यालय, कोटेश्वर तीनकुने, काठमाण्डौं। | ८६ | शाखा कार्यालय, दरवाङ्ग। | १४८ | शाखा कार्यालय, पथरी। |
| २५ | शखाकार्यालय, कोटेश्वर, काठमाण्डौं। | ८७ | शाखा कार्यालय, धादीङ्ग। | १४९ | शाखा कार्यालय, फिदिम। |
| २६ | शाखा कार्यालय,कुमारीपाटी, ललितपुर। | ८८ | शाखा कार्यालय, धनगढी। | १५० | शाखा कार्यालय, फुङ्गलिङ ताप्लेजुङ। |
| २७ | शाखा कार्यालय, लैनचौर, काठमाण्डौं। | ८९ | शाखा कार्यालय, धरान। | १५१ | शाखा कार्यालय, पोखरा। |
| २८ | शाखा कार्यालय, जावलाखेल, ललितपुर। | ९० | शाखा कार्यालय, धार्के धादीङ्ग। | १५२ | शाखा कार्यालय, रंघुगंगा म्यागदी। |
| २९ | शाखा कार्यालय, महाराजगंज, काठमाण्डौं। | ९१ | शाखा कार्यालय, धवलागिरी। | १५३ | शाखा कार्यालय, राजविराज। |
| ३० | शाखा कार्यालय, अनामनगर, काठमाण्डौं। | ९२ | शाखा कार्यालय, दोलखा। | १५४ | शाखा कार्यालय, रामपुर चितवन। |
| ३१ | शाखा कार्यालय, मनमैजु, काठमाण्डौं। | ९३ | शाखा कार्यालय, दुलेगौडा। | १५५ | शाखा कार्यालय, रानीवास गुल्मी। |
| ३२ | शाखा कार्यालय,मंगलबाजँर, ललितपुर। | ९४ | शाखा कार्यालय, एकडारा महोत्तरी। | १५६ | शाखा कार्यालय, रुकुम। |
| ३३ | शाखा कार्यालय, न्यु बानेश्वर, काठमाण्डौं। | ९५ | शाखा कार्यालय, गड्यौली। | १५७ | शाखा कार्यालय, सन्दकपुर इलाम। |
| ३४ | शाखा कार्यालय, पाटन गाबहाल। | ९६ | शाखा कार्यालय, गाईघाट। | १५८ | शाखा कार्यालय, सन्धिखर्क। |
| ३५ | शाखा कार्यालय, पुतलिसडक, काठमाण्डौं | ९७ | शाखा कार्यालय, गजुरी धादीङ्ग। | १५९ | शाखा कार्यालय, अर्घाखाची। |
| ३६ | शाखा कार्यालय, सानेपा, ललितपुर। | ९८ | शाखा कार्यालय, गलकोट। | १६० | शाखा कार्यालय, सौराहा। |
| ३७ | शाखा कार्यालय, सातदोबाटो, ललितपुर | ९९ | शाखा कार्यालय, गौर रौतहत। | १६१ | शाखा कार्यालय, शान्तिपुर गुल्मी। |
| ३८ | शाखा कार्यालय, शंखमुल, ललितपुर। | १०० | शाखा कार्यालय, घोराही। | १६२ | शाखा कार्यालय, सिमरा। |
| ३९ | शाखा कार्यालय, सिनामंगल, बाबुराम चोक, काठमाण्डौं। | १०१ | शाखा कार्यालय, गोपिगंज। | १६३ | शाखा कार्यालय, सिन्धुली। |
| ४० | शाखा कार्यालय, सिनामंगल एरर्पोट गोल्डेन गेट, काठमाण्डौं। | १०२ | शाखा कार्यालय, गोर्खा। | १६४ | शाखा कार्यालय, सिराहा। |
| ४१ | शाखा कार्यालय, सुकेधारा, काठमाण्डौं। | १०३ | शाखा कार्यालय, गुलेरिया। | १६५ | शाखा कार्यालय, वीरेन्द्रनगर सुर्खेत। |
| ४२ | शाखा कार्यालय, स्वयम्भु, काठमाण्डौं। | १०४ | शाखा कार्यालय, गुरास दैलेख। | १६६ | शाखा कार्यालय, स्याफ्रुबेशी। |
| ४३ | शाखा कार्यालय, टंगाल, काठमाण्डौं। | १०५ | शाखा कार्यालय, हरिवन। | १६७ | शाखा कार्यालय, तमानखोला। |
| ४४ | शाखा कार्यालय, टेकु, काठमाण्डौं। | १०६ | शाखा कार्यालय, हतुवागढि। | १६८ | शाखा कार्यालय, बाग्लुङ्ग। |
| ४५ | शाखा कार्यालय, ठमेल, काठमाण्डौं। | १०७ | शाखा कार्यालय, भोजपुर। | १६९ | शाखा कार्यालय, तम्घास। |
| ४६ | शाखा कार्यालय, थानकोट, काठमाण्डौं। | १०८ | शाखा कार्यालय, हेटौडा। | १७० | शाखा कार्यालय, टांडी। |
| ४७ | शाखा कार्यालय, नयां थिमि, भक्तपुर। | १०९ | शाखा कार्यालय, इलाम। | १७१ | शाखा कार्यालय, ताराखोला बाग्लुङ्ग। |
| ४८ | शाखा कार्यालय, आबुखैरेनी तनहु। | ११० | शाखा कार्यालय, इनरुवा। | १७२ | शाखा कार्यालय, थासाङ मुस्ताङ्ग। |
| ४९ | शाखा कार्यालय, अछाम। | १११ | शाखा कार्यालय, इटहरी। | १७३ | शाखा कार्यालय, तिनपैनी विराटनगर। |
| ५० | शाखा कार्यालय, अमरपथ बुटवल। | ११२ | शाखा कार्यालय, जलेश्वर। | १७४ | शाखा कार्यालय, तुलसीपुर। |
| ५१ | शाखा कार्यालय, अमरसिंह चोक, पोखरा। | ११३ | शाखा कार्यालय, जनकपुर। | १७५ | शाखा कार्यालय, उर्लाबारी। |
| ५२ | शाखा कार्यालय, अन्नपूर्ण म्याग्दी। | ११४ | शाखा कार्यालय, जोमसोम। | १७६ | शाखा कार्यालय, बालिङ |
| ५३ | शाखा कार्यालय, बडिगाड। | ११५ | शाखा कार्यालय, काकडभिट्टा। | १७७ | शाखा कार्यालय, बल्खु |
| ५४ | शाखा कार्यालय, बगर पोखरा। | ११६ | शाखा कार्यालय, कलैया। | १७८ | शाखा कार्यालय, ढुङ्गेधारा |
| ५५ | शाखा कार्यालय, हलनचोक बाग्लुङ। | ११७ | शाखा कार्यालय, कावासोती। | १७९ | शाखा कार्यालय, आरुघाट |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६ | शाखा कार्यालय, बनेपा। | ११८ | शाखा कार्यालय, खैरेनी। | १८० | शाखा कार्यालय, अतरिया |
| ५७ | शाखा कार्यालय, बाह्रबीसे। | ११९ | शाखा कार्यालय, खांदवारी। | १८१ | शाखा कार्यालय, ईमाडोल |
| ५८ | शाखा कार्यालय, बर्दघाट नवलपरासी। | १२० | शाखा कार्यालय, कोहलपुर। | १८२ | शाखा कार्यालय, टिकापुर |
| ५९ | शाखा कार्यालय, बर्दिबास महोत्तरी। | १२१ | शाखा कार्यालय, कुश्मा। | १८३ | शाखा कार्यालय, झलारी |
| ६० | शाखा कार्यालय, बरेङ। | १२२ | शाखा कार्यालय, लाहान। | १८४ | शाखा कार्यालय, साफेबगर |
| ६१ | शाखा कार्यालय, बरियारपट्टी। | १२३ | शाखा कार्यालय, लो घेकर। | १८५ | शाखा कार्यालय, लमहि |
| ६२ | शाखा कार्यालय, बारपाक। | १२४ | शाखा कार्यालय, मुस्ताङ्ग। | १८६ | शाखा कार्यालय, चन्द्रौटा |

| काउन्टर कार्यालयहरु | | |
|---|---|---|
| १. भद्रपुर भन्सार, झापा | ९. तिलगंगा आँखा हस्पिटल, काउन्टर | १७.जटही छोटी भन्सार,जनकपुर |
| २. सुनरी भन्सार, कोशी ब्यारेज | १०.त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, FCY Counter | १८.तिनपैनी काउन्टर (DOFE), विराटनगर |
| ३. थाडी भन्सार, सिरहा | ११.राजविराज मालपोत,राजविराज | १९.हसनपुर काउन्टर (DOFE), धनगढी |
| ४. जलेश्वर भन्सार, महोत्तरी | १२.राजविराज भन्सार, सप्तरी | २०.रामनगर काउन्टर (DOFE), बुटवल |
| ५. महेशपुर भन्सार, नवलपरासी | १३.मादर भन्सार, सिराहा | २१.जानकी मेडिकल कलेज (JMC),जनकपुर |
| ६. सुथौली भन्सार, कपिलवस्तु | १४.गौर भन्सार, रौतहत | २२.आन्तरिक राजस्व कार्यालय, दमक, झापा |
| ७. सती भन्सार, कैलाली | १५.कालिमाटि काउन्टर, काठमाण्डौं | २३.पोखरा काउन्टर (DOFE), पोखरा |
| ८. अमलेखगञ्ज डिपो , बारा | १६.मलंगवा भन्सार, मलंगवा | |

माथि उल्लेखित यस बैंकको मुख्य कार्यालय एवं शाखाहरुमा अवस्थित रहेको।

**ङ) कम्पनीको स्थापनाकालदेखि हालसम्मका संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :**

**संक्षिप्त परिचय :**

यस बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो। साबिक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको प्रभु बैंक लिमिटेडले मिति २०७१ भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोवार गर्दै आएको छ। त्यस पश्चात नेपाल विकास बैक लि.लाई एक्विजिसन गर्दै साविक ग्रण्ड बैंक लि. लाई मिति २०७२ माघ १५ गते यस संस्थामा गाभि हाल सम्ममा १८६ वटा शाखा विस्तार, २३ काउन्टर कार्यलय र १५० ए.टि.एम. संचालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ।

**उद्देश्यहरु :**

बैंकको प्रबन्ध–पत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकिङ्ग कारोवार गर्ने यस बैंकका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग सेवामा जोखिम कम गर्दै यस क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(ङ) देशको समग्र वित्तिय प्रणाली प्रति सर्वसाधारणको विश्वासनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

(च) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम,ईतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : बैंकको प्रभु क्यापिटल लिमिटेड कम्पनीमा ५१ प्रतिशत लगानी रहेको छ।

**क) सहायक कम्पनीको नामः प्रभु क्यापिटल लिमिटेड।**

**ख) सहायक कम्पनीका ईतिहास, मुख्य उद्देश्यहरु र भएका लगानीको अंशः**

प्रभु क्यापिटल लिमिटेड (साबिकको ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड) चुक्ता पुँजी रु.७,००,००,०००/- (अक्षरेपी सात करोड रुपैंया मात्र) सहित मिति २०६६/०५/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६७/०५/२४ देखि नेपाल धितोपत्र बोर्डमा अनुमति प्राप्त गरेको र मिति २०७४ साल जेष्ठ २० गते सम्पन्न विशेष साधारणसभाबाट नियमनकारी निकायले गरेको व्यवस्था अनुसार यस क्यापिटलले १:२ हकप्रद शेयर जारी गरी चुक्ता पूँजी रु.२१ करोड पुयाईएको साथै मिति २०७३/१२/१९ को पत्रले नेपाल राष्ट्र बैकबाट यस क्यापिटललाई प्रभु बैंक लिमिटेडको सहायक कम्पनी बनाउन स्वीकृती प्रदान गरी प्रभु क्यापिटलको नामबाट नियमनकारी निकायका स्विकृती पश्चात् कारोबार गरिरहेको। यस कम्पनी स्थापना पश्चात प्रभु बैंक लिमिटेडबाट दिदै आएको निक्षेप सेवा, बैंक र यस कम्पनी वीच भएको सम्झौता अनुसार सो सम्बन्धी सम्पूर्ण सेवा यस लिमिटेडबाट प्रदान गर्न सुरु गरियो। साथै नियमनकारी निकायको मापदण्ड पूरा गरी श्री नेपाल धितोपत्र बोर्डबाट निक्षेप सदस्य, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार, प्रत्याभूतिकर्ता तथा श्री सनराइज बैंक लिमिटेड अन्तर्गत सामुहिक लगानीकोष प्रवर्धकको रुपमा कार्य गर्न समेत अनुमति प्राप्त गरेको छ।

**ङ यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :**

क) धितोपत्र बोर्डबाट स्वीकृतीलिई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र ब्यापारी, बजार निर्माता, शेयर रजिष्ट्रार, लगानी ब्यवस्थापन, धितोपत्रको प्रत्याभुतिकर्ताको रुपमा कार्य गर्ने।

ख) कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्धन सम्बन्धी सहयोग गर्ने ।
ग) लगानीकर्ताहरुलाई धितोपत्र ब्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
घ) लगानीकर्ताहरुलाई पुँजी बजार तर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।
ङ) नयाँ तथा हाल कायम पुँजी बजारमा सम्बन्धीत सेवाको बिकास विस्तार गर्न नेपाल धितोपत्र बोर्ड संग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्विकृत प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
च) उपलब्ध शिप, श्रम तथा पुँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा पुँजी बजारसंग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पुँजी बजारको समग्र बिकासका लागि सक्रिय रुपमा संचालन भई सहयोग पुऱ्याउने ।
छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने(लागू हुने हदसम्म) ः

१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु ः**
बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

२) **प्रयोग भएको वा गरिने प्रविधि ः**
बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न ।

३) **कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** ः सो नभएको ।

४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र ः**
हाल सम्मको तथ्याङ्क अनुसार कुल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को ३.९६% हिस्सा कम्पनीको रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत हालसम्म कम्पनीले कुल बजारको ३.६९% हिस्सा ओगटेको छ ।

५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना ः**
समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका ः**
बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति ः**
वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस बैंकले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** ः लागू नहुने ।

९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था ः**
स्तरीय बैंकिङ्ग सेवाका लागी ग्राहक सेवा बिभाग स्थापना गरि संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको ।

१०) **अनुसन्धान तथा विकास ः**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान** ः सो नभएको ।

१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण ः**
कम्पनीमा सुमधुर औद्योगिक सम्बन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको ।

१३) **बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति ः**
अत्याधिक प्रतिस्पर्धि रहेको हालको वित्तीय बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी वित्तीय व्यवसाय संचालन गर्दै आएको र हाल २८ वटा वाणिज्य बैंकहरु बिच यस बैकको २०७५ चैत्र मसान्त सम्मको विवरण देहाय बमोजिम रहेको छ ।

| क्रि.स. | विवरण | संस्थाको स्थान |
|---|---|---|
| १ | निक्षेप संकलन | ४.०४% |
| २ | कर्जा तथा सापटी | ३.६७% |
| ३ | खुद मुनाफा | ३.१८% |
| ४ | ब्याज आमदानि | ३.६१% |
| ५ | सञ्चालन मुनाफा | ३.६६% |

१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** ः सो नभएको ।

१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** ः सो नभएको ।

**ग.३ (ख) सम्पत्तिको विवरण ः**

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथाअन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था ः**

कम्पनीको आषाढ ३१, २०७५ को सम्पत्ति तथा सम्पत्ति रहेको स्थान तथा अवस्था यस प्रकार रहेको छ।

| | रु. दशलाखमा |
|---|---|
| सम्पत्ति | आषाढ मसान्त २०७५ |
| नगदतथानगद समान | १३,१५५/०९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दाततथालिनु पर्ने रकम | ६,१७२/०४ |
| बैंक तथावित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट) | २,२१५/४१ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीयउपकरण | - |
| अन्यव्यापारिक सम्पत्तिहरु | - |
| बैंक तथावित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | ३,१८१/८१ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ७२,९९०/२३ |
| लगानी | ८,०३५/८९ |
| यस आ.व. को आयकर सम्पत्ति | ३८/५७ |
| सहायककम्पनीमालगानी | ११६/९६ |
| सम्बद्ध कम्पनीमालगानी | - |
| लगानी सम्पत्ती (इन्भेष्टमेन्ट प्रोपर्टि) | ४६४/८० |
| सम्पत्तितथाउपकरण (स्थिर सम्पत्ति) | २,१०७/७४ |
| गुडवील (ख्याती) र अर्मुत सम्पत्ति | १७/२३ |
| स्थगन कर सम्पत्ति | - |
| अन्य सम्पत्ति | ४,०९०/३९ |
| जम्मा सम्पत्ति | १,१२,५८६/१७ |

**ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्तिहो या लिजमालिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने)** ः माथि उल्लिखित सम्पत्तिहरु आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको।

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** ः लागू नहुने।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण ः**

यस बैंकको सम्पत्तिको पुनर्मूल्यांकन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको।

**ङ) सम्पत्तिको मूल्याँकन गरिएको तरिका सम्बन्धी विवरण** ः लागू नहुने।

**ग.३. (ग) भावी योजना तथा रणनीतिः**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति ः**

१) नयाँ उत्पादन तथा सेवाहरु ः प्रविधिमा आधारित नवीनतम उत्पादन तथा सेवाहरु ल्याउन बैंक प्रयत्नशील छ। बैकिङ्ग सेवाको पहुँच नपुगेको वा नभएको जनता माझ सरल, सुलभ र भरपर्दो बैंकिङ्ग सेवा पुयाउने बैंकको जोड रहने छ।

२) शाखा संजालः बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउँदै जाने उद्देश्यले आवश्यकता अनुसार संजाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ।

३) डेबिट/क्रेडिट कार्डः बजारमा आफ्नो बलियो उपस्थितीलाई कायम राख्न आफ्नो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ। आफनो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउदै लैजान बैंक प्रयत्नशील छ। यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ।

४) एटिएम संजालः आफ्ना ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनितिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडानगर्दै जाने योजना बैंकको रहेको छ।

५) सुचना प्रविधिमा आधारित सेवा ः बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई Value Added Services जस्तै Online Loan Application Processing प्रणाली प्रदान गर्ने ध्येय राखेको छ।

६) विप्रेषण ः विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउँदै लैजान बैंकले आवश्यक्ता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ। यस्तो विप्रेषण संजाल लाई दुर्गम क्षेत्रहरु सम्म विस्तार गर्ने योजना गरिरहेको छ।

७) अन्य व्यवसायः बैंकिङ्ग उद्योगमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफ्नो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य ः**

देशको बैंकिङ्ग क्षेत्रमा हाल अत्याधिक प्रतिस्पर्धा रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशनानुसार बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु वीच प्रतिस्पर्धा अझ बढेको छ। यस कम्पनीले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न आफ्नो दीर्घकालीन रणनीति लागू गरी सोही बमोजिम कार्य गर्दै अघि बढेको छ। सोही रणनीति बमोजिम बैंकले हाल उल्लेख्य रुपमा शाखा तथा एटीएम विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि र चल्ती तथा वचत निक्षेपमा वृद्धि गर्दै लगेको छ। साथै, ग्राहकको सन्तुष्टि तथा अनुभवको आधारमा उच्च मूल्याङ्कन गर्दै समय सापेक्ष रुपमा बैंकको कार्य नीति परिवर्तन तथा परिमार्जन गर्दै ग्राहकको पहिलो रोजाईको बैंक बन्ने तथा सोका लागि आवश्यक बैंकको आन्तरिक कार्य प्रणालीलाई थप सरल तथा चुस्त बनाउने नीति अवलम्बन गरेको छ। बैंकले निरन्तर रुपमा कर्मचारीको कार्य क्षमता अभिवृद्धिका लागि आफ्ना कर्मचारीहरुलाई विभिन्न तालिम प्रदान गर्दै आएको छ। बैंकले अवलम्बन गरेको यही दीर्घकालीन रणनीतिका कारण बैंकलाई रणनीतिक फाइदा प्राप्त भएको छ र दीर्घकालीन रुपमा बैंकको वित्तीय अवस्था तथा मुनाफा स्थिर राख्नमा ठूलो टेवा पुग्ने विश्वास लिएका छौं। बैंक आफ्नो

आन्तरिक कार्य प्रणाली तथा नियन्त्रण प्रणालीलाई थप चुस्त पार्दै आफ्नो लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न स्थान ओगट्ने कुरामा दृढ रहेको छ।

**ग.३ (घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ।
संस्थापक समूहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनित सञ्चालकहरु

| | |
|---|---|
| (उक्त समूहलाइ ४ उपसमूहमा विभाजन गरिएको र हरेक उप समूहबाट १ जना को प्रतिनिधित्व रहने) | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।
व्यावसायिक विशेषज्ञबाट मनोनित स्वतन्त्र सञ्चालकको पद खाली रहेको।
बैंकको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक पदमा नियुक्त हुनको लागि कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र संचालकको हकमा यो व्यवस्था लागु हुनेछैन।

**(ग). ४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत,जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१) अधिकृत पूँजी : बैंकको अधिकृत पूँजी रु.१०,०००,०००,०००/– (अक्षरेपी दश अर्ब रुपैया मात्र)रहेकोछ। जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १००,०००,०००(दश करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ।

२) जारी पूँजी : बैंकको जारी पूँजी रु. ८,२३,३९,६२,८००/– (अक्षरेपी आठ अर्ब तेइस करोड उन्नचालिस लाख बैसठ्ठी हजार आठ सय रुपैयाँ मात्र) रहेकोछ। जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका ८,२३,३९,६२८(आठ करोड तेइस लाख उन्नचालिस हजार छ सय अठ्ठाईस) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

३) चुक्ता पूँजी : हाल बैंकको चुक्ता पूँजी रु.८,२३,३९,४८,५२४/- (अक्षरेपी आठ अर्ब तेइस करोड उन्नचालिस लाख अडचालिस हजार पाँच सय चौविस रुपैयाँ मात्र) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– अंकित मूल्यका ८,२३,३९,४८५(आठ करोड तेइस लाख उन्नचालिस हजार चार सय पचासी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | मिति |
|---|---|---|---|---|
| २०७१/०७२ | १०,००,००,००,०००/- | ३,२०८,८८५,२२४/- | ३,२०८,८८५,२२४/- | २०७१/०५/३० |
| २०७२/०७३ | १०,००,००,००,०००/- | ३,८८१,४०२,२२४/ | ३,८८१,४०२,२२४/ | २०७३/०३/२६ |
| २०७२/०७३ | १०,००,००,००,०००/- | ८,२३३,९६२,८००/ | ५,८८१,४०२ ,२२४/- | २०७३/०८/२६ |
| २०७४/०७५ | १०,००,००,००,०००/- | ८,२३३,९६२,८००/- | ८,२३३,९४८,५२४/- | २०७५/०३/३२ |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

**ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना :**

**ऋणपत्र निष्काशन गर्नुपूर्व बैंकको चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ५,०४,८२,९४२ | ६१.३१% | ५,०४,८२,९४,२००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३,१८,५६,६८६ | ३८.६९% | ३,१८,५६,६८,६००/- | शतप्रतिशत |
| | जम्मा | ८२,३३९,६२८ | १००.००% | ८,२३३,९६२,८००/- | |

**डिबेञ्चर (ऋणपत्र)** : हाल नरहेको।

| समुह | शेयर संख्या | चुक्ता रकम | भुक्तानी |
|---|---|---|---|
| छैन | छैन | छैन | छैन |
| जम्मा | छैन | छैन | छैन |

**ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने बैंकको शेयरपूँजी र डिबेञ्चर पूँजीको संरचना :**

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ५,०४,८२,९४२ | ६१.३१% | ५,०४,८२,९४,२००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३,१८,५६,६८६ | ३८.६९% | ३,१८,५६,६८,६००/- | शतप्रतिशत |
| | जम्मा | ८२,३३९,६२८ | १००.००% | ८,२३३,९६२,८००/- | |

**डिबेञ्चर (ऋणपत्र) :**

| समुह | शेयर संख्या | चुक्ता रकम | भुक्तानी |
|---|---|---|---|
| रु.१०००/- अंकित दरको १०,००,००० कित्ता "१०.२५% प्रभु बैंक डिबेन्चर–२०८६" | १०,००,००० | १,००,००,००,००० | शतप्रतिशत |
| **जम्मा** | **१०,००,०००** | **१,००,००,००,०००** | |

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र।

**ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

निष्काशन पूर्व शेयर प्रिमियम खातामा रकम रु. १५,१९,४७,९९०/– रकम रहेको। निष्काशन पश्चात उक्त खातामा कुनै परिवर्तत नहुने।

**(ग) ५ संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**(ग) ५क.संस्थापक/सञ्चालकको पृष्ठभूमीः**

क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

| क्र. सं. | आधारभूत शेयरधनीको नाम र ठेगाना | पद | संस्थापक शेयर संख्या | सर्वसाधारण शेयर | कूल शेयर संख्या | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | व्यवसायीक अनुभव | पेशा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तारा कुमारी भट्टचन वाग्लुङ | संस्थापक | ४,६४०,९०९ | २,२३२ | ४६,४३,१४१ | ५३ | नेपाली | सामान्य | - | व्यापार |
| २ | गौरब अग्रवाल बागमती | संस्थापक | ४१,१८१,१६१ | ७८९ | ४१,१८१,९५० | ३७ | नेपाली | स्नातक | - | व्यापार |
| ३ | प्रभु इन्भेष्टमेन्ट प्रा.लि.ललितपुर | संस्थापक | ४,०५९,९७८ | २,६२० | ४,०६२,५९८ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | व्यापार |
| ४ | विनोद थकाली म्याग्दी | संस्थापक | २,५८०,३१६ | ७२,१५० | २,६५२,४६६ | ५८ | नेपाली | सामान्य | - | व्यापार |
| ५ | नेपाल इन्भेष्टमेन्ट प्रा.लि.ललितपुर | संस्थापक | ३,२७४,६८६ | ३००,००२ | ३५,७४,६८८ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | व्यापार |
| ६ | एस.वाई. इनभेष्टमेन्टप्रा.लि. काठमाण्डौ | संस्थापक | १,२७९,०११ | - | १,२७९,०११ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | व्यापार |
| ७ | कर्मचारी संचयकोष ललितपुर | संस्थापक | १,०२५,०१३ | - | १,०२५,०१३ | लागु नहुने | लागु नहुने | लागु नहुने | लागु नहुने | व्यापार |
| ०८ | सुदीप आचार्य काठमाण्डौ | संस्थापक | ९६३,५४४ | - | ९६३,५४४ | ४५ | नेपाली | एम.ई | - | व्यापार |
| ०९ | अम्बिका शर्मा लामिछाने काठमाण्डौ | संस्थापक | ८३८,०७७ | १९,२७१ | ८५७,३४८ | ४५ | नेपाली | एम. वि. ए | यस बैंकको सञ्चालक पदमा पटक पटक गरी १० बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी काम गरेको र आशा इन्टरनेशनल प्रा.लि. को अध्यक्ष भई १५ बर्ष भन्दा बढि काम गरेको। | व्यापार |
| १० | मिजास भट्टचन ललितपुर | संस्थापक | १,०४६,१२२ | ११२,९३३ | १,१५९,०५५ | २२ | नेपाली | १० +२ | - | व्यापार |

**संचालकहरुको विवरण :**

| क्र. सं. | संचालकहरुको नाम | पद | शैक्षिक योग्यता | ठेगाना | संस्थापक शेयर संख्या | सर्वसाधारण शेयर | कूल शेयर संख्या | उमेर | पेशा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री देवी प्रकाश भट्टचन (संस्थापक शेयरधनी समूह क बाट) | अध्यक्ष | एम.वि .ए. | ललितपुर, उ.म.न.पा. वडा नं. ३, वडीखेल, ललितपुर | ४६६८ | १९९९ | ६,६६७ | ५७ | ब्यापार ब्यवसाय |
| **अनुभव** | | | | | | | | | |
| यस बैंकको अध्यक्ष पदमा पटक पटक गरी १० बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी, साविक ग्लोवल बैंक लिमिटेडको सञ्चालक पदमा २ बर्ष भन्दा बढी काम गरेको। प्रभु ट्राभल्स प्रा.लि.को अध्यक्ष भई २१ बर्ष भन्दा बढि, प्रभु मनि ट्रान्सफर प्रा.लि.को अध्यक्ष भई १५ बर्ष भन्दा बढि, प्रभु इन्स्योरेन्स लिमिटेडको अध्यक्ष भई २ बर्ष भन्दा बढी, प्रभु इन्भेष्टमेण्ट प्रा.लि.को अध्यक्ष भई १६ बर्ष भन्दा बढि, प्रभु हेलिकप्टर प्रा.लि.को अध्यक्ष भई ४ बर्ष भन्दा बढी र डिस मिडिया नेटवर्क प्रा.लि.को अध्यक्ष भई ६ बर्ष भन्दा बढि काम गरेको। | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | श्री पुष्प बहादुर प्रधान (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | एम.ए. | ललितपुर, उ.म.न.पा. वडा नं. ३, झम्सीखेल, ललितपुर | १९२७ | १ | १,९२८ | ६९ | अध्यापन पेशामा संलग्न |
| **अनुभव** | | | | | | | | | |
| यस बैंकको सञ्चालक पदमा पटक पटक गरी ४ बर्ष (साविक किष्ट बैंक लिमिटेड समेतमा) भन्दा बढी र बिभिन्न शैक्षिक संस्थामा १० बर्ष अध्यापन गरेको । | | | | | | | | | |
| ३ | श्री अम्बिका शर्मा लामिछाने (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | एम.वि.ए | का.म.न.पा. ३, बसुन्धरा, काठमाण्डौ । | ८३८०७७ | १९२७१ | ८,५७,३४८ | ४४ | ब्यापार ब्यवसाय |
| **अनुभव** | | | | | | | | | |
| यस बैंकको सञ्चालक पदमा पटक पटक गरी १० बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी काम गरेको र आशा इन्टरनेशनल प्रा.लि.को अध्यक्ष भई १५ बर्ष भन्दा बढि काम गरेको । | | | | | | | | | |
| ४ | श्री रमेश सिंह खडका (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | स्नातक | बिदुर २, नुवाकोट | १६३२० | | १६,३२० | ६६ | नोकरी |
| **अनुभव** | | | | | | | | | |
| यस बैंकको सञ्चालक पदमा पटक पटक गरी ५ बर्ष (साविक सम्वृद्धि विकास बैंक लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी र कृषि विकास बैंक लिमिटेडमा अधिकृत स्तरमा रहेर २८ बर्ष भन्दा बढी काम गरेको । | | | | | | | | | |
| ५ | श्री शंकर प्रसाद कालिकोटा (सर्वसाधारण शेयरधनी समूह ख बाट) | सञ्चालक | मास्टर अफ साइन्स इन इन्जिनियरिङ | का.म.न.पा. वडा नं. ३१, शान्तिनगर, काठमाडौं । | | २,९७२ | २,९७२ | ५८ | नोकरी |
| **अनुभव** | | | | | | | | | |
| प्रभु क्यापिटल लिमिटेडमा १ १/२ बर्ष महाप्रबन्धक पदमा रहेर काम गरेको, भिवोर क्यापिटल लिमिटेडमा २ बर्ष प्रमुख कार्यकारी पदमा रहेर काम गरेको र नेपाल विकास बैंकमा ९ बर्ष भन्दा बढि नायव प्रवन्धक पदमा रहेर काम गरेको । | | | | | | | | | |
| ६ | श्री अन्जु अधिकारी (सर्वसाधारण शेयरधनी समूह ख बाट) | सञ्चालक | स्नातक | का.म.न.पा. वडा नं. ९, बत्तिसपुतली, काठमाडौं | | २,९७२ | २,९७२ | ६४ | नोकरी |
| **अनुभव** | | | | | | | | | |
| नेपाल राष्ट्र बैंकमा ८ बर्ष सहायक निर्देशक र २ बर्ष उपनिर्देशक पदमा रहेर काम गरेको । | | | | | | | | | |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | संगठित संस्थाको नाम र ठेगाना | ग्रहण गरेको शेयर संख्या | संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना | पद |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वीमा संस्थान | १२००० | श्री धनीराम शर्मा, | अध्यक्ष |
| | | | श्री प्रेम राज भट्ट | सञ्चालक |
| | | | श्री कवि प्रसाद पाठक | सञ्चालक |
| | | | श्री दुर्गा राज रेग्मी | सञ्चालक |
| | | | श्री महेश्वर लाल श्रेष्ठ, कार्यकारी निर्देशक | सञ्चालक |
| | | | श्री कृष्ण कुमार श्रेष्ठ | सचिव |
| २ | राष्ट्रिय वीमा कम्पनी लि. | ६६६६ | श्री उमेश चन्द्र उपाध्याय | अध्यक्ष |
| | | | श्री थान प्रसाद पंगेनी, | सञ्चालक |
| | | | श्री विजय कुमार श्रेष्ठ | सञ्चालक |
| | | | श्री शिवराम मिश्र | सञ्चालक |
| | | | श्री अशोक कुमार उप्रेती | सञ्चालक |
| | | | श्री निरञ्जन आचार्य | सचिव |
| ३ | लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड | ९५५६४ | श्री वि.के शर्मा, भारतिय जीवन बीमा निगम | अध्यक्ष |
| | | | श्री उषा सांगवान, भारतिय जीवन बीमा निगम | सञ्चालक |
| | | | श्री अशोक कुमार अग्रलाल | सञ्चालक |
| | | | श्री कुमार केशर बिष्ट | सञ्चालक |
| | | | श्री भि.क. कुकरेजा | सञ्चालक |
| | | | श्री अभिजित घोष दस्तिदार | सचिव |

| | | | | |
|---|---|---|---|---|
| ४ | हाईल्याण्ड होल्डीङ्ग प्रा.लि. | २३८१०० | श्री भुषण गुरागाई | अध्यक्ष |
| | | | श्री सौरभ गुरागाई | सञ्चालक |
| | | | श्री शुशिला घिमिरे | सञ्चालक |
| ५ | गुँरास लाइफ इन्स्योरेन्स कं. लि. | २१००० | श्री विवेक दुगड | अध्यक्ष |
| | | | श्री बिशाल टाटर | सञ्चालक |
| | | | श्री अपच कुमार यादव | सञ्चालक |
| | | | श्री शिव बहादुर श्रेष्ठ | सञ्चालक |
| | | | श्री मेघराज पौडेल | सञ्चालक |
| | | | श्री शम्भु प्रसाद सुवेदी | सञ्चालक |
| | | | श्री सौरभ दुगड | सञ्चालक |
| ६ | प्रुडेन्सियल क्यापिटल मेनेजमेन्ट कम्पनी प्रा. लि. | १००११४ | श्री अशोक कुमार अग्रवाल | अध्यक्ष |
| | | | श्री मधु अग्रवाल | सञ्चालक |
| | | | श्री अर्पित अग्रवाल | सञ्चालक |
| ७ | नेपाल लाईफ इन्स्योरेन्स लि. | ७०३८० | श्री गोविन्द लाल संघाई | अध्यक्ष |
| | | | श्री राम अवतार अग्रवाल | सञ्चालक |
| | | | श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| | | | श्री विवेक अग्रवाल | सञ्चालक |
| | | | श्री प्रकाश मुण्डरा | सञ्चालक |
| | | | श्री विमल प्रसाद ढकाल | सञ्चालक |
| | | | श्री पारुल ढकाल | सञ्चालक |
| ८ | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी प्रा.लि. | ७०००० | श्री श्रवण कुमार अग्रवाल | अध्यक्ष |
| | | | श्री विशाल अग्रवाल | सञ्चालक |
| | | | श्री अमित अग्रवाल | सञ्चालक |
| | | | श्री ईन्द्र प्रसाद सिटौला | सञ्चालक |
| | | | श्री अनिता रायमाझि | सञ्चालक |
| | | | श्री आनन्द बाबु खड्का | सञ्चालक |
| ९ | कर्मचारी सञ्चयकोष | १०२५०१३ | श्री शिशिर कुमार ढुंगाना, सचिव, | अध्यक्ष |
| | | | श्री डा. डिल्ली राज शर्मा, प्रध्यापक, त्रिभुवन विश्वविद्यालय | सञ्चालक |
| | | | श्री झक प्रसाद आचार्य, सचिव, नेपाल सरकार | सञ्चालक |
| | | | श्री शंकर बहादुर पण्डित, ब्रिगेडियर, जनरल | सञ्चालक |
| | | | श्री सुरेश विक्रम शाह, प्रहरी नायव महानिरिक्षक | सञ्चालक |
| | | | श्री किरण कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, | सञ्चालक |
| | | | श्री तुलसी प्रसाद गौतम, प्रमुख प्रशासक, | सञ्चालक |
| १० | एस.वाई. इन्भेष्टमेन्ट प्रा.लि. | १२७९०११ | श्री ध्रुव चन्द्र धिताल | सञ्चालक |
| ११ | गौ माता इन्भेष्टमेन्ट कं.प्रा.लि | १९६०७ | श्री श्रीकृष्ण रेग्मी | अध्यक्ष |
| | | | श्री अच्यूत राज रेग्मी | सञ्चालक |
| | | | श्री दिलकुमारी ढुंगाना | सञ्चालक |
| १२ | ओम चावोविरो फिड इन्डष्ट्रिज प्रा.लि. | २८०००० | श्री सुरेश कुमार रुंगटा | सञ्चालक |
| १३ | बेस्ट म्यानेज इन्भेष्टमेन्ट प्रा.लि. | २८०० | श्री सुवास सिलवाल | अध्यक्ष |
| | | | श्री दामोदर रायमाझी | प्र.सञ्चालक |
| | | | श्री विनोद काफ्ले | सञ्चालक |
| | | | श्री विष्णु प्रसाद न्यौपाने | सञ्चालक |
| | | | श्री राधा देवी | सञ्चालक |
| १४ | प्रभु इन्भेष्टमेन्ट प्रा.लि | ४,०५९,९७८ | श्री देबी प्रकाश भट्टचन, | सञ्चालक |
| १५ | नेपाल इन्भेष्टमेन्ट प्रा.लि. | ३,२७४,६८६ | श्री सञ्जय विक्रम शाह, | सञ्चालक |
| १६ | शिखर ईन्स्योरेन्स कं.लि. | १०८५७७ | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | अध्यक्ष |
| | | | श्री रमेश कुमार लुईटेल | सञ्चालक |
| | | | श्री सिद्धीमान सिं बस्नेत | सञ्चालक |
| | | | श्री स्कन्द अमात्य | सञ्चालक |
| | | | श्री सौरभ ज.ब.रा | सञ्चालक |
| | | | श्री दिनेश बज्र बज्राचार्य | सञ्चालक |
| १७ | नेशनल इन्भेष्टमेण्ट किडीजि प्रा .लि | १ | उपलब्ध नभएको | उपलब्ध नभएको |
| १८ | SHTC इन्टरनेशनल | ७००० | श्री पुरुषोत्तम लाल अग्रवाल | अध्यक्ष |
| १९ | कालिका ईन्भेष्मेन्ट एण्ड मेन्जमेन्ट | ३५००० | उपलब्ध नभएको | उपलब्ध नभएको |

| | | | | |
|---|---|---|---|---|
| २० | एस आर हाईड्रो एण्ड ईन्भेष्टमेन्ट | ८२९६१ | उपलब्ध नभएको | उपलब्ध नभएको |
| २१ | आर एम सि इन्भेष्मेन्ट प्रा.लि. | २८००० | उपलब्ध नभएको | उपलब्ध नभएको |
| २२ | हारमोनी इन्भेष्टमेन्ट प्रा.लि. | २२२७९४ | गौरब अग्रवाल | सञ्चालक |
| २३ | नेपाल हाउजिङ एण्ड कन्स्ट्रक्शन प्रा.लि. | ९६२८२ | उपलब्ध नभएको | उपलब्ध नभएको |
| २४ | सत्य एग्रो प्रा.लि. | ३४२२० | श्री पवन कुमार साह | सञ्चालक |

**ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कूनै कम्पनी,संस्था,कोष,संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | ठेगाना | आवद्ध भएको कम्पनी, संस्था, कोषको नाम |
|---|---|---|---|---|---|
| १ | श्री देवी प्रकाश भट्टचन | अध्यक्ष | एम.वि.ए | ललितपुर, उ.म.न.पा. वडा नं. ३, वडीखेल, ललितपुर | प्रभु मनि ट्रान्सफरप्रा.लि., प्रभु इन्भेष्मेन्ट प्रा. लि.,नेचुरल हिमालयन फार्म प्रा.लि, प्रभु ईनर्जी प्रा.लि, प्रभु हेलिकपटर प्रा.लि,हिमालयन बुटिक एण्ड स्पा प्रा.लि, प्रभु ट्राभल्स प्रा.लि, प्रभु मनि चेन्जर प्रा.लि, प्रभु डिजिटल प्रा.लि, सिम्पल टेलिभिजन नेटवर्क प्रा.लि,प्रभु टेक्नोलोजी प्रा.लि, माहकाली डिजिटल टि भि नेटवर्क प्रा.लि, प्रभु इन्स्युरेन्स प्रा.लि |
| २ | श्री अम्बिका शर्मा लामिछाने | अध्यक्ष | एम.वि.ए | का.म.न.पा. ३, बसुन्धरा, काठमाण्डौ। | आशा इन्टरनेशनल प्रा.लि. |

ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने छ ।

च) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ।

छ) रु. १० लाख सम्म आवेदन दिने आवेदकले स्वेक्षिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ।

ज) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम,ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ। यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ।

झ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयंहुनेछ।

४. आस्वा सेवामा सहभागि बैंक तथा वित्तिय संस्थाले C-ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ।

५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्रि प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले लिनहुन।

६. यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु. १,०००।– (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ। सो कित्ताका लागि आवेदन गर्न चाहेमा २५ अङ्कले भाग जाने संख्यामा आवेदन गर्न सकिनेछ। साथै दरखास्त दिन पाउने न्यूनतम कित्ता २५ र अधिकतम ४,००,००० कित्ता सम्म आवेदन गर्न सकिनेछ।

**व्यक्तिगत तवर (Private Placement) को हकमाः**

**(अ) निष्काशन गरिने डिबेन्चर संख्या**

दश वर्ष अवधि तथा वार्षिक १०.०० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु. १,०००/– अंकित मूल्यका ६ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. ६० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने।

**(आ) लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः**

यस विवरण मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री सनराईज क्यापिटल लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन्।

**(इ) डिबेन्चर बिक्री खुल्ला अवधि :** यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ।

**(ई डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन गर्न लागिएको डिबेन्चरको सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ।

**(उ) डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ।

२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।

३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ।

४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– कोदरले हुन आउने रकम बराबरको सनराइज क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। यसरी बैंक ड्राफ्ट/चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सोड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा,निवेदकले सनराईज क्यापिटल लिमिटेड वा बैंकको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपिर लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।

६. रु. १०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमकोलागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुलेआफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**ग. ११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवारगर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम,तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध,कारोबारको प्रकृति र रकम

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति : कारोवार नभएको।

ख) आधारभूत शेयरधनी : कारोबार नभएको।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुनेगरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाः सो नभएको।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : सो नभएको ।

च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको ।

**ग.१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

क) विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरुः विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन नहुने ।

**ग. १३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबारभएको शेयर संख्याः

**पछिल्लो ३ वर्षमा भएको शेयर कारोबारको बिवरणः**

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रु.) | न्यूनतम शेयर मुल्य (रु.) | अन्तिम शेयर मुल्य (रु.) | शेयर कारोवार शेयर संख्या (हजारमा) |
|---|---|---|---|---|
| १) २०७२/७३ | | | | |
| पहिलो त्रैमासिक | ४९७ | ३५० | ४१५ | ५८४८ |
| दोस्रो त्रैमासिक | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको |
| तेस्रो त्रैमासिक | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको |
| चौथो त्रैमासिक | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको | कारोबार नभएको |
| २) २०७३/७४ | | | | |
| पहिलो त्रैमासिक | ४३८ | ३७० | ४३८ | १८ |
| दोस्रो त्रैमासिक | | | | |
| तेस्रो त्रैमासिक | ४४५ | २८१ | ४२९ | १७१०४ |
| चौथो त्रैमासिक | ४६० | ३८८ | ४०६ | १०९४० |
| ३) २०७४/७५ | | | | |
| पहिलो त्रैमासिक | ४१८ | ३४७ | ३७८ | ५९६० |
| दोस्रो त्रैमासिक | ३९१ | २४८ | २५० | ६३८५ |
| तेस्रो त्रैमासिक | २५१ | १९६ | २२० | ४१६८ |
| चौथो त्रैमासिक | २५० | १७५ | १८७ | ४५७६ |

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :

| महिना | उच्च मुल्य रु. | न्यून मुल्य रु. | अन्तिम मुल्य रु. | कुल दिन | कुल कारोवार भएको धितोपत्र संख्या (हजारमा) |
|---|---|---|---|---|---|
| फागुन २०७५ | २४१ | २०५ | २३६ | २० | ८०४.९१ |
| चैत्र २०७५ | २५४ | २२९ | २४९ | १९ | ९७२.६२ |
| बैशाख २०७६ | ३०४ | २४९ | २८५ | २१ | २३३७.७६ |
| जेष्ठ २०७६ | ३०० | २६८ | २८५ | २० | ३१६९.८३ |
| आषाढ २०७६ | २७५ | २५७ | २६६ | २३ | १८२६.१७ |
| श्रावण २०७६ | २८५ | २६४ | २७२ | १६ | १३३२.०५ |

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

यस बैंकले हकप्रद शेयर निष्काशन गर्दा बुझाएको विवरणपत्रमा प्रस्तुत प्रक्षेपित वित्तीय विवरण नेपाल राष्ट्र बैंकको पुरानो कार्य तालिका अनुसार प्रस्तुत गरिएको र हालको वास्तविक वित्तीय विवरण NFRS अनुसार प्रस्तुत गरिएको हुनाले तल उल्लेख गरिएको अंकहरु फरक पर्न गएको व्यवहरा जानकारी गराउदछौ ।

**एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात)**

| विवरण | प्रक्षेपित ०७४/०७५ | वास्तविक ०७४/०७५ | फरक | कैफियत |
|---|---|---|---|---|
| पूंजी तथा दायित्व | | | | |
| १. शेयर पूंजी | ८,२३३,९६३.०० | ८,२३३,९४८.५२ | ०.००% | |
| २. जगेडा तथा कोषहरु | ४,३१८,३१९.०० | ४,७४६,७९७.२४ | ९.९२% | |
| ३. ऋणपत्र तथा बण्ड | - | - | | |
| ४. तिर्न बांकी कर्जा सापट | - | - | | |
| ५. निक्षेप दायित्व | ९५,०००,०००.०० | ९७,९६१,८७३.४८ | ३.१२% | |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | ४२,५६१.०० | ४५,८४६.४६ | ७.७२% | |
| ७. प्रस्तावित लाभांस | - | - | | |
| ८. आय कर दायित्व | - | - | | |

| | | | | |
|---|---|---|---|---|
| ९. अन्य दायित्व | १,१९७,५८३.०० | १,५९७,७०१.२२ | ३३.४१% | AC को रकममा परिभाषित कर्मचारी लाभयोजना सम्बन्धी दायित्व साय लामो विदाको लागि भएको व्यवस्या वास्तविक वित्तिय विवरणमा समावेश गरिएको जुन प्रक्षेपितमा संम्लग्न नगरिएको । |
| कूल दायित्व | १०८,७९२,४२६.०० | ११२,५८६,१६६.९२ | ३.४९% | |
| सम्पत्ती | | - | | |
| १. नगद मौज्दात | ३,९१७,८४२.०० | १३,१५५,०९०.५२ | २३५.७७% | |
| २. ने.रा.बैंकमा रहेको मौज्दात | ६,६५०,०००.०० | ६,१७२,०४१.०२ | -७.१९% | |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २,३७५,०००.०० | २,२१५,४१०.५१ | -६.७२% | |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३,३२५,०००.०० | - | -१००.००% | |
| ५. लगानी | १५,७२९,४२६.०० | ८,६१७,६४६.३९ | -४५.२१% | |
| ६.कर्जा सापत तथा विल खरिद | ७१,६८६,३९०.०० | ७६,१७२,०४०.७१ | ६.२६% | |
| ७. स्थिर सम्पत्ति | २,१०४,२००.०० | २,१२४,९७४.५० | ०.९९% | |
| ८.गैर बैंकिङ्ग सम्पत्ति | - | - | | |
| ९. अन्य सम्पत्ति | ३,००४,५६८.०० | ४,१२८,९६३.२८ | ३७.४२% | |
| कूल सम्पत्ति | १०८,७९२,४२६.०० | ११२,५८६,१६६.९२ | ३.४९% | |

**एकिकृत नाफा नोक्सान विवरण प्रक्षेपित**

| विवरण | प्रक्षेपित | वास्तविक | फरक | कैफियत |
|---|---|---|---|---|
| | ०७४/०७५ | ०७४/०७५ | | |
| ब्याज आम्दानी | ७,०७२,६६६ | ८२४४५९७.४५१ | -१४.२१% | |
| ब्याज खर्च | ३,७२३,७१२ | ५४२६५९४.८९५ | -३१.३८% | निक्षेपको ब्यजदरमा भएको घटबढको कारणले गर्दा फरक पर्न गएको । |
| खुद ब्याज आम्दानी | ३,३४८,९५४ | २८१८००२.५५६ | १८.८४% | |
| कमिशन तथा डिस्काउन्ट | २२७,४८६ | ५४३१७७.४९१ | -५८.१२% | कमिशन तथा डिस्काउन्ट र अन्य संचालन आम्दानी बीचमा पुर्नवर्गी करण भएको |
| अन्य संचालन आम्दानी | ४७३,८६८ | ३९५८४४.३०५ | १९.७१% | |
| सटही घटबढ आम्दानी | २०२,६०० | | | |
| कूल संचालन आम्दानी | ४,२५२,९०८ | ३७५७०२४.३५२ | १३.२०% | |
| कर्मचारी खर्च | ८९६,०३८ | १३४८६३३.८ | -३३.५६% | NFRS अन्तर्गत वित्तिय खर्चहरु वास्तविक वित्तिय विवरणमा समावेश गरिएको जुन प्रक्षेपित विवरणमा समावेश नभएको |
| अन्य संचालन खर्च | ८७९,३९४ | ८१८९३६.२३ | ७.३८% | |
| सटही घटबढ नोक्सान | - | | | |
| सम्भावित नोक्सानी ब्यवस्था अघिको संचालन मुनाफा | २,४७७,४७६ | १५८९४५४.३२२ | ५५.८७% | |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १२०,२०५ | १५४५५१.२१३ | -२२.२२% | नगद तथा नगद समान अन्तर्गत नगद तथा ९० दिन भित्र प्राप्त हुने नगद समान सम्पति समेत मा NFRS schedule समावेश भएकोले |
| संचालन मुनाफा | २,३५७,२७१ | १७४४००५.५३५ | ३५.१६% | |
| गैर संचालन आम्दानी/नोक्सान | ४५,१९१ | ३९३५५६.१९ | -८८.५२% | |
| सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ६८८,८६५ | | | |
| नियमित कारोबारबाट भएको मूनाफा | ३,०९१,३२८ | १३५०४४९.३४५ | १२८.९१% | पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च । |
| असामान्य कारोबारहरुबाट भएको खर्च | -१२८,४२५ | ० | | |
| सम्पुर्ण कारोबार समाबेश पछिको मूनाफा | २,९६२,९०३ | १३५०४४९.३४५ | ११९.४०% | |
| कर्मचारी बोनस व्यवस्था | २६९,३५५ | ० | | |
| कर्मचारी बोनस पछिको नाफा | २,६९३,५४८ | १३५०४४९.३४५ | ९९.४६% | |
| आयकर ब्यवस्था | ७९८,७१२ | ३८३४१४.५ | १०८.३२% | पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च । |
| यस वर्षको | ५०१,३८८ | ० | ०.००% | |
| गत वर्ष सम्मको | - | | | |
| पर सारिएको आयकर | २९७,३२४ | | | |
| खुद मुनाफा/नोक्सान | १,८९४,८३६ | ९६७०३४.८४५ | ९५.९४% | |
| शेयर संख्या (हजारमा) | ८२,३३९.६३ | ८२,३३९.४९ | ०.००% | |
| प्रति शेयर आम्दानी (रु.) | २३.०१ | १२.५८ | ८२.९१% | |

**ग.१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

- **लेखापरीक्षक :**
  यस बैंकको आ.ब.०७४/०७५ को लेखापरिक्षण कार्य के.ए.एस एशोसियट्सका, चार्टर्ड एकाउन्टेन्ट्सूले गरेको हो। चालु आ.व. का लागि समेत बैंकको सत्रौं साधारण सभाबाट सोही कम्पनी लेखापरीक्षकका रुपमा नियुक्त भएको हो
- **निष्काशन बैंक (Bankers to the Issue):**
  यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा सनराइज बैंक लिमिटेड, कमलपोखरी, काठमाण्डौ रहने छ। साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेतयस ऋणपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी आफैं रहेको छ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्नेविशेषज्ञ श्री आर.के. एस. एण्ड एसोशिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री राजेश कुमार शाह रहनु भएको छ।
  यस डिबेञ्चर (ऋणपत्र) निष्काशन तथा बिक्री प्रबन्धकमा श्री सनराईज क्यापिटल लिमिटेड,कमलपोखरी, काठमाण्डौंलाई नियुक्त गरिएको छ।

ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :

- **लेखापरीक्षक** : सो नभएको।
- **निष्काशन बैंक (Bankers to the Issue):**

निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहन्छ ताकी सो रकम फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नरहोस्।

**ग.१६ आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

सो नभएको।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :
हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद नभएको।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :
हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई मुद्दा दायर गरिएको छैन।

ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नामउल्लेख गर्नु पर्ने :
विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको।

**ग.१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकसनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंका श्रीमती अर्चना श्रेष्ठ प्रधानलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकेको छ। लगानीकर्ताहरुले फोन तथा इमेल मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्।

**ग.१९ नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण** : सो नभएको।

**ग.२० ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "१०.२५% प्रभु बैंक डिबेन्चर २०८६" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः**

**(क) ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :**
ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रमा छ।

**(ख) ऋणपत्रको अवधि (Maturity Period) :**
यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको मितिबाट १० (दश) वर्षको हुनेछ। सो अवधि पश्चात् बैंकले यस ऋणपत्रको सांवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

**(ग) निष्काशन गरिने ऋणपत्रको रकम :**
रु.१ अर्ब बराबरको प्रति ऋणपत्र रु.१,०००।-अंकित मूल्यका १०,००,००० कित्ता मध्ये ४ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.४० करोड ऋणपूँजी रकम (५% अर्थात २०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्टयाईएका समेत) सर्वसाधारण नेपालीका

लागि सार्वजनिक निष्काशन बाट बिक्री गरिने र बाँकी ६ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.६० करोड ऋणपूँजी विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

**(घ) ऋणपत्र शेयरमा परिवर्तन हुने वा नहुने :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० वर्षको अवधिपश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

**(ङ) ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधी/समय (Interest Payment Period):**

यस ऋणपत्रको वार्षिक व्याजदर १०.२५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुस मसान्त) र द्वितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।

**(च) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धी ब्यवस्था :**

यो ऋणपत्रलाई निर्धारित १० वर्षको समय अवधि व्यतित हुनासाथ भुक्तानी गर्नका लागि बैंकले बार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको पछिल्लो १० वर्ष देखि १० प्रतिशतले बाकी १० बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/C) बाट ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गरी वार्षिक रु. १० करोड का दरले समानुपातिक रुपमा हुने रकम बैंकले नोक्सानी व्यहोर्नु परेको अवस्थामा समेत ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिनेछ । यस ऋणपत्रको भुक्तानी गरेपछि ऋणपत्र भुक्तानी कोषमा रहेको रकम नाफा-नोक्सान बाँडफाँट हिसाब खातामा सारिनेछ वा नेपाल राष्ट्र बैंकले तोके बमोजिम गरिने छ । साथै कम्पनीले कुनै आर्थिक वर्षमा नाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund) मा रकमान्तर गर्नुपर्ने रकम संचित नाफा बाट रकमान्तर गरिने छ ।

**(छ) ऋणपत्रवालाहरुको अधिकार :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

**(ज) ऋणपत्रको व्याज भुक्तानी गर्ने समय :**

यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुस मसान्त) र द्वितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।

**(झ) ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान :**

यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम प्रभु बैंक लिमिटेडको कुनैपनि शाखाबाट आफनो ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ । यस्को अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।

**(ञ) ऋणपत्रको व्याज भुक्तानी गर्ने तरीका :**

ऋणपत्रको बाँडफाँट पश्चात् बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिनदेखिको पहिलो अर्धवार्षिकको व्याज रकम सो अर्धवार्षिक अवधीको समाप्ती पश्चात् भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई व्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको साथै व्याज भुक्तानी पुर्जा (Interest Coupon) दिइनेछ ।यस्को अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।

**(त) अन्य :** यो ऋणपत्र प्रभुबैंक लिमिटेड बाहेक अन्य जुनसुकै वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन ।यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७५ मा रु. ९७ अर्ब रहेको छ ।

**(ग). ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी बीच भएको सम्झौता (Trust Deeds) को प्रमुख बुँदाहरु**

क) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं रहेको छ ।

ख) ट्रष्टी भए वापत लिने शेवा शूल्क

यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरेबापत बार्षिक रु.२५,०००/- (पच्चिस हजार मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।

ग) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क ब्यक्तिको नाम, पद :
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री विजेन्द्र न्हुच्छे प्रधानलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ।

घ) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गूनासो सून्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

ङ) डिवेञ्चर निष्काशन गर्ने कम्पनी र डिवेञ्चरवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमाकाम गर्ने डिवेञ्चर ट्रष्टी बिच कम्पनी ऐनको ब्यवस्था अनूरुप सम्झौता भएको कूरा :
ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच मिति २०७५/१२/१३ मा कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।

च) डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेञ्चर ट्रष्टीले जांचबूझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हूने आदि व्यवस्थाहरु कम्पनी ऐन अनूरुप भएको कूराः
डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेञ्चर ट्रष्टीले जांचबूझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हूने आदि व्यवस्थाहरु कम्पनी ऐन अनूरुप गरिएको छ।

छ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कूरा :
डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

ज) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यबस्था :
डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ताको रजिष्टर्ड कार्यालयमा वा निष्काशन तथा बिक्रि प्रबन्धकको कार्यालयमा सम्पर्क राखि हेर्न वा जान्न सकिने छ।

झ) अन्य :
- ऋणपत्र ट्रष्टीले ऋणपत्र निष्काशनको समयमा सहयोग, निरिक्षण र उचित संरक्षण गर्ने।
- ऋणपत्र ट्रष्टीले डिबेञ्चरवालाहरुको हित संरक्षण गर्ने।
- ऋणपत्र निष्काशन गर्ने कम्पनीको आवश्यक परेमा ऋणपत्रधनीहरुको हक हितको संरक्षणको लागि संस्थाको सम्पत्ति मूल्याण्ङ्कन, ब्यवस्थापनको विश्लेषन गर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनी टाठ पल्टेमा डिबेञ्चरवालाहरुको लाई प्रचलित कानून अनुसारको ग्राहयतामा रकम फिर्ता भुक्तानी गराउने ब्यवस्था गर्ने।

ञ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताका मूख्य बूंदाहरुः
१. डिवेञ्चर ट्रष्टीले बैंकको सम्पत्ति मूल्याङ्गन, परियोजना विश्लेषण वा ब्यवस्थापन विश्लेषण गर्न सक्ने र गराउन सक्ने छ।
२. कथमकदाचित बैंक बिघटन गर्नुपरेमा बैंकको जायजेथामा निक्षेपकर्ताहरुको हक दावी भुक्तानी पछि मात्र डिवेञ्चरवालाहरुको हक लाग्ने छ र उक्त डिवेञ्चर फिर्ता दिनको लागि बैंकले वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको पछिल्लो १० वर्ष देखि १० प्रतिशतले बाकी १० बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/C) बाट ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गरी समानुपातिक रुपमा बार्षिक रकम रु. १०,००,००,०००/– (दश करोड) जम्मा गरिनेछ र म्याद समाप्त भए पश्चात् उक्त कोषबाट रकम फिर्ता हुनेछ।
३. सम्झौतामा उल्लेखित शर्तहरु उल्लंघन भएमा वा पूरा नगरेमा वा अन्य कुनै मनासिव कारणले बैंकको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा सम्झौता बमोजिमको धितो कब्जामा लिनुपर्ने भएमा डिवेञ्चर ट्रष्टीले बैंकको जायजेथा वा सम्पत्ति वा डिबेञ्चर ट्रष्टीले धितो जमानतमा लिएको सम्पत्ति आफ्नो कब्जामा लिई वा धितो जमानत आफैले राख्न वा लिलाम बढाबढ वा अन्य उपयुक्त तरिकाले बिक्री गर्न सकिने छ।
४. डिवेञ्चर ट्रष्टीले डिवेञ्चर ट्रष्टीको हैसियतले असल नियतले कार्य गर्दा प्रभु बैंक लिमिटेड वा डिवेञ्चरधनीलाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिवेञ्चरधनीलाई रकम फिर्ता भुक्तानी नभएमा डिवेञ्चर ट्रष्टीको कुनै दायित्व तथा जिम्मेवारी रहने छैन।
५. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट आवश्यक कानूनी कारवाही गर्न सक्नेछ र डिबेञ्चरवालाको अधिकार प्रयोग गर्न सक्नेछ।

घ. परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मतअधिकारको ब्यवस्थाः
ऋणपत्र परिवर्तनशील नभएको।

ङ. ऋणपत्र जारी गर्नुको उद्देश्य र सम्पन्न हुने कार्य योजना :
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएका “१०.२५% प्रभु बैंक डिबेञ्चर २०८६” ऋणपत्र निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसायवृद्धिको लागि हुनेछ।यस विवरण–पत्रमार्फत निष्काशन गर्न लागिएको “१०.२५% प्रभु बैंक डिबेञ्चर २०८६” बिक्री गरी संकलन भएको रकम बैंकलेआवश्यकता अनुसार कर्जा तथा लगानीमा उपयोग गर्नेछ।

च. जारी पूँजी पूरा चुक्ता भए/नभएको : चुक्ता भएको।

छ. यस भन्दा अगाडि जारि भऐको ऋणपत्रको विवरण
यस भन्दा अगाडि ऋणपत्र जारि नभएको।

ज. नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागी दिएको शर्तहरु :

१. कुनै पनि सुरक्षण नराखी "प्रभु बैंक डिबेञ्चर २०८६" निष्काशन गर्नुपर्ने ।
२. ऋणपत्रको अवधि १० बर्षको हुने ।
३. प्रस्ताबित ऋणपत्रमा प्रदान गरिने ब्याज ६/६ महिना (अर्धबार्षिक) मा भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर १०.२५% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यबस्था गर्नुपर्ने ।
४. बैंक बिघटन भएको अवस्थामा "प्रभु बैंक डिबेञ्चर २०८६" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५. "प्रभु बैंक डिबेञ्चर २०८६" जारी भएको मितिले बढीमा ३ महिना भित्रमा नेपाल धितोपत्र बिनिमय बजारमा सूचीकृत गर्नुपर्ने ।
६. प्रभु बैंक लिमिटेड. बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त बण्ड धितो राखी ऋण लिन सकिने ब्यवस्था गर्नुपर्ने ।
७. "प्रभु बैंक डिबेञ्चर २०८६" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८. "प्रभु बैंक डिबेञ्चर २०८६" को रकम भुक्तानी गर्न Redemption Reserve को व्यबस्था गर्न बैंकको बार्षिक मुनाफाबाट उक्त बण्ड निष्काशन भएको मिति देखि १० प्रतिशतले बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई १० बर्ष भित्र कुल रु १ अर्ब बराबरको उक्त कोषमा जम्मा हुने ब्यबस्था गर्नु पर्ने । साथै, नाफा नभएको अवस्थामा अघिल्ला बर्षहरुको संचित मुनाफाबाट छुट्ट्याउनुपर्ने ।
९. Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने ।
१०. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यबस्था गर्नुपर्ने ।

**ग.२१ अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरीसो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ। यस वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरुपुनरावलोकन गर्ने विशेषज्ञ श्री के.एस.एण्ड एशोसियट्सका सि.ए. श्री राजेश कुमार शाहरहनु भएको छ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

**संचालक परिवर्तन भएको कारण :**

| नाम | पद | विवरण | लागू मिति |
|---|---|---|---|
| श्री शंकर प्रसाद कालिकोटा | संचालक | प्रभु क्यापिटल लिमिटेडमा १ १/२ बर्ष महाप्रबन्धक पदमा रहेर काम गरेको, भिवोर क्यापिटल लिमिटेडमा २ बर्ष प्रमुख कार्यकारी पदमा रहेर काम गरेको र नेपाल विकास बैंकमा ९ बर्ष भन्दा बढि नायव प्रवन्धक पदमा रहेर काम गरेको । | २०७४/०५/१८ |
| श्री अन्जु अधिकारी | संचालक | नेपाल राष्ट्र बैंकमा ८ बर्ष सहायक निर्देशक र २ बर्ष उपनिर्देशक पदमा रहेर काम गरेको । | २०७५/०१/१९ |

लेखापरिक्षक परिवर्तन भएको कारण : Shyam Karki & Co. को ३ बर्ष करार अवधि पुरा भएको र हाल KAS Associates लाई नियुक्त गरिएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यताः**

नाम : श्री अमित भण्डारी
ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा., वडा नं.१०
हालको ठेगाना : महालक्ष्मी ५, ललितपुर ।
योग्यता : वि.एल.

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

संचालक समितिको मिति २०७५/१०/२५ मा बसेको १३९ औं बैठकको निर्णयः

नेपाल राष्ट्र बैंकद्वारा जारी Capital Adequacy Framework 2015 मा तोकिए वमोजिम "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पूँजीकोषको गणना आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्यूनतम पूँजीकोषको अनुपात ११% कायम गर्नुपर्ने व्यवस्था रहेको र बैंकको पूँजीकोष पर्याप्ततालाई सुनिश्चित गरी बैंकिङ्ग व्यवसाय बृद्धि गर्न आवश्यक पर्ने थप पूँजीको व्यवस्थालाई नियमित गर्दै जान तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. १६ को बुदाँ ५ अनुसार तोकिएका शर्तहरु पूरा गरेको ईजाजतपत्र प्राप्त संस्थाले बढीमा आफ्नो प्राथमिक पूँजीको शत प्रतिशतसम्मको डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्न सक्ने व्यवस्था रहेको र यस बैंक सो निर्देशन बमोजिम डिबेञ्चर जारी गर्नका लागि योग्य रहेकोले १० वर्षको डिबेञ्चरको ब्याजदर १०.२५% सम्म निर्धारण गरी रु. १ अर्ब रकमको "प्रभु बैंक डिबेञ्चर २०८६" जारी गर्न स्वीकृति भएको ।

साथै उक्त डिबेञ्चर जारी गर्नको लागि जे जो गर्नुपर्ने सम्पूर्ण कार्य गर्न बैंकका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय भएको ।

**(ङ) संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सोसम्बन्धी विवरण :**

संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्तगर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समय भित्र बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाण्डौं र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंलाई सम्पर्क राखी कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएकोवासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।

**(छ) ऋणपत्र, कर्मचारी वा अरु कसैको लागि सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति ऋणपत्र रु. १,०००।– अङ्कित मूल्य ९एबच ख्बगिभ०का कुल ४,००,००० कित्ता ऋणपत्र संख्याको ५% अर्थात २०,००० कित्ता ऋणपत्रहरु सामूहिक लगानी कोषको लागि छुट्‌याएर सुरक्षित राखिएको छ यसरी छुट्‌याइएकाऋणपत्र सामूहिक लगानी कोषबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र सामूहिकलगानी कोषबाट सम्पूर्ण ऋणपत्रको लागि माग भई नआएको अवस्थामा बांकी ऋणपत्रहरु सामूहिक लगानी कोष नियमावली, २०६७बमोजिम बाँडफाँड गरिनेछ।

**(ज) विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**

यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सन्‌राईज क्यापिटल लिमिटेड,कमलपोखरी, काठमाण्डौं रहेको छ।

**(झ) कम्पनीको प्रवन्धपत्र र नियमावली प्राप्त गर्न सकिने ठाउँ :**

यस कम्पनीको प्रवन्धपत्र तथा नियमावली कम्पनीको बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाण्डौं र धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सन्‌राईज क्यापिटल लिमिटेड,कमलपोखरी, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

**(ञ) अन्य (कम्पनीको सकारात्मक पक्षहरु) :**

१) स्थापनाकाल देखी नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको।
२) दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी।
३) द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको।

(ट) यस विवरणपत्र मार्फत ऋणपत्रको निष्काशन गरी नेपाल स्टक एक्सचेन्ज लिमिटडेमा सचूीकरण पश्चात दस्तखत रुजु, ऋणपत्रको नामसारीआदि सम्बन्धी कार्य यस कम्पनीको कायार्लय वा कम्पनीले नियक्तु गर्ने ऋणपत्र रजिष्ट्रारको कायार्लयबाट हुने गरी व्यवस्था मिलाइनेछ।

**(ठ) ऋणपत्रको विक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्धारा निष्काशन गरिएको ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट अधिकतम ३० दिनसम्म खुल्ला रहने छ। ऋणपत्रको लागि आवेदन लिने कार्य कम्तिमा चार कार्य दिनको लागि खुल्ला गरिने छ।

**(ड) धितोपत्रको क्रेडिट रेटिङ्ग :**

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई इक्रा नेपालले Moderate Credit Risk जनाउने '[ICRANP] LBBB' ग्रेडिङ्ग मिति २०७६/०२/१७ मा प्रदान गरेको छ।

**ग.२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री देवी प्रकाश भट्टचन (संस्थापक शेयरधनी समूह क बाट) | अध्यक्ष | |
| २. | श्री पुष्प बहादुर प्रधान (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | |
| ३. | श्री अम्बिका शर्मा लामिछाने (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | |
| ४. | श्री रमेश सिंह खडका (संस्थापक शेयरधनी समूह क बाट) | सञ्चालक | |
| ५. | श्री शंकर प्रसाद कालिकोटा (सर्वसाधारण शेयरधनी समूह ख बाट) | सञ्चालक | |
| ६. | श्री अञ्जु अधिकारी (सर्वसाधारण शेयरधनी समूह ख बाट) | सञ्चालक | |

ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टीफिकेट) को प्रतिः संलग्न गरिएको छ।


सन्‌राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED


च.नं.१२२२/२०७५/०७६ २०७६/०२/०६

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बाग्मती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ११, बबरमहल काठमाण्डौं ठेगाना भएको प्रभु बैंक लिमिटेडले डिबेन्चर जारी गर्न लागेको रु.१,०००/–दरको १०,००,००० कित्ता डिबेन्चर निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस सन्‌राईज क्यापिटल लिमिटेड मञ्जुर गर्दछौं । डिबेन्चर जारी गर्ने क्रममा धितोपत्र कारोवार सँग सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार डिबेन्चर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको "डिबेन्चर निष्काशन सम्बन्धी व्यबस्था तथा बिबरणहरु" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. "डिबेन्चर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट
**सनराईज क्यापिटल लिमिटेड**

| | | |
|---|---|---|
| नाम | : | बिजय लाल श्रेष्ठ |
| पद | : | प्रमुख कार्यकारी अधिकृत |
| सही | : | |
| कार्यालयको छाप | : | |

Raj
२०७६-०२-०७


Licensed by Securities Board of Nepal: Issue Management • Share Registrar • Share Underwriting • Portfolio Management • Depository Partic
P. O. Box: 12055, Kamal Pokhari, Kathmandu, Nepal.
Tel: 4428550, 4428660 | Fax: 977 1 4428688 | Email : info@sunrisecapital.com.np | Website: www.sunrisecapital.com.np

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र : संलग्न गरिएको छ।

# RKS & Associates

*Chartered Accountants*

## TO WHOM IT MAY IT CONCERN

We hereby confirm that the projected Balance Sheet, Profit & Loss Account and Profit and Loss Appropriation of M/s Prabhu Bank Limited are based on the assumptions and basis attached herewith.

The assumptions/basis and the projections have been prepared by the management of M/s Prabhu Bank Limited and we assume no responsibility for the reasonableness of such assumptions.

For RKS and Associates

Chartered Accountants

RKS & Associates ★ Kathmandu Nepal ★ Chartered Accountants

CA. Rajesh Kumar Sah, FCA

Proprietor

Place: Kathmandu

Date :Ashadh 17, 2076

Chadani Chowk ,Tanglaphat Kirtipur-1, Kathmandu | 9851074l183, 9801074183 | Email: meetrajeshca@yahoo.com

ICRA NEPAL

# ICRA Nepal Limited

Ref No: ICRAN/075/076/RAT/012

Date: May 31, 2019

Mr. Ashok Sherchan
Chief Executive Officer
Prabhu Bank Limited
Kathmandu, Nepal

Dear Sir,

**Re: ICRA Nepal Credit Rating for the Rs. 1,000 million Subordinated Debenture Programme "10% Prabhu Bank Debenture 2086" of Prabhu Bank Limited**

Please refer to your mandate letter dated March 10, 2019 for carrying out the rating of the aforesaid Debenture Programme. The Rating Committee of ICRA Nepal, after due consideration, has assigned a **"[ICRANP] LBBB[1]"** (pronounced as ICRA NP L triple B) rating to the captioned Debenture Programme. Instruments with this rating are considered to have moderate degree of safety regarding timely servicing of financial obligations. Such instruments carry moderate credit risk. In any of your publicity material or other document wherever you are referring to the captioned Debenture Programme, it should be stated as "[ICRANP] LBBB.

We would appreciate if you can sign on the duplicate copy of this letter and send it to us within 15 days from the date of this letter as confirmation about the use of the assigned rating. The rationale for assigning the above rating has been enclosed with this letter. Any intimation by you about the above rating to any Banker/Lending Agency/Government Authorities/Regulator/Stock Exchange would constitute use of this rating by you.

This rating is specific to the terms and conditions of the proposed issue as was indicated to us by you and any change in the terms or size of the issue would require the rating to be reviewed by us. If there is any change in the terms and conditions or size of the instrument rated, as above, the same must be brought to our notice before the issue of the instrument. If there is any such change after the rating is assigned by us and confirmed to use by you, it would be subject to our review and may result in change in the rating assigned.

ICRA Nepal reserves the right to suspend, withdraw or revise the above at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the rating assigned to you.

The rating, as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the debentures to be issued by you. If the instrument rated, as above, is not issued by you within a period of 12 months from the date of this letter communicating the rating, the same would stand withdrawn unless revalidated before the expiry of 12 months.

[1] For the Rating categories [ICRANP] LAA through to [ICRANP] LC the sign of + (plus) or - (minus) may be appended to the Rating symbols to indicate their relative position within the Rating categories concerned. Thus the Rating of [ICRANP] LBBB+ is one notch higher than [ICRANP] LBBB, while [ICRANP] LBBB- is one notch lower than [ICRANP] LBBB.

Regd. Office : Tel. : +977 1 4419910 Website : www.icranepal.com

You are required to forthwith inform us about any default or delay in repayment of interest or principal amount of the instrument rated, as above, or any other debt instruments/ borrowing. You are also required to keep us forthwith informed of any other developments which may have a direct or indirect impact on the debt servicing capability of the company including any proposal for re-schedulement or postponement of the repayment programmes of the dues/ debts of the company with any lender(s) / investor(s).

You are required to inform us immediately as and when the borrowing limit for the instrument rated, as above, or as prescribed by the regulatory authority (ies) is exceeded.

We thank you for your kind cooperation extended during the course of the rating exercise. Should you require any clarification, please do not hesitate to get in touch with us.

With kind regards,

Yours sincerely,
For ICRA Nepal Limited

ICRA NEPAL LTD KATHMANDU 2011

Kishor Prasad Bimali
Assistant Vice President
Head-Rating Division

Rajib Maharjan
Senior Analyst